# बार्षिक नीति तथा कार्यक्रम

## आर्थिक बर्ष २०८०/०८१

**बागमती गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**झुरझुरे, मकवानपुर**

## सम्मानित गाउँ सभाका उपाध्यक्ष ज्यू एवं सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,

संघियता सहितको लोकतान्त्रिक गणतन्त्र नेपालको अवधारणालाई आत्मसात गरिएको नेपालको संविधान, २०७२ अनुसार स्थानीय तहको पहिलो निर्वाचन २०७४ र दोश्रो निर्वाचन, २०७९ मा निर्वाचित भई २०७४ को स्थानीय निर्वाचन पछि सम्पन्न गाउँसभा र २०७९ को स्थानीय निर्वाचन सम्पन्न भए पश्चातको गाउँसभा गरि आज दशौ बागमती गाउँ सभामा यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा खुशी र गर्वको अनुभूति गरेको छु ।

यस गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँ उपस्थित भई रहँदा राज्यसत्ताको आमूल परिवर्तनको लागि १० वर्षे जनयुद्ध र लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाको लागि १९ दिने ऐतिहाँसिक जनआन्दोलनको स्मरण गर्दै राष्ट्रको अग्रगमन र रुपान्तरणको लागि इतिहाँसका विभिन्न कालखण्डहरुमा भएका आन्दोलनमा समेत शाहदत प्राप्त गर्नु हुने ती महान नेपाल आमाका वीर शहिदहरु प्रति हृदय देखि श्रद्धान्जली अर्पण गर्न चाहन्छु । शहिदहरुले देखाएका सपनाहरु पूरा गर्न सदैव कटिवद्ध रहने प्रण गर्दै हरेक काम कार्य गर्दा बागमती गाउँपालिकाका नागरिकहरुलाई केन्द्रमा राखेर मात्र काम कार्यको शुरुवात गर्ने कुरा विश्वास दिलाउन चाहन्छु ।

हामी विकासको रुपरेखा साथै विकास कार्यलाई निरन्तरता दिने तथा अधुरा योजनाहरु सम्पन्न गर्न लागि पर्नेछौं । साथै वर्तमान परिप्रेक्षमा विकासका आधारहरु र सोका पूर्वाधारहरु लाई बैज्ञानिक प्रणाली अवलम्बन गरि नयाँ खाका प्रविधि समेतलाई भित्र्याई, हामी संग भएको स्रोत साधनलाई परिचालन गरि नितान्त पनि नयाँ शीरा र ढंङ्गबाट विकासको लहर ल्याई दक्ष जनशक्ति लाई परिचालन गरि सु-शासन, विधिको शासनलाई पूर्ण आत्मसात गरि सम्पूर्ण बागमती गाउँपालिकाका जनता सँग हातेमालो गर्दै आर्थिक प्रगति, सुखी, समुन्नत र समृद्धि बनाउन तर्फ तत्परता रहनेछौं।

## सम्मानित गाउँ सभाका उपाध्यक्ष ज्यू एवं सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरु,

बागमती गाउँपालिकाको विगत देखिको निरन्तर अथक प्रयास पछि उज्यालो बागमतीको सपना पूरा भएको व्यहोरा यस सम्मानित गाउँ सभामा जानकारी गराउन चाहन्छु । अव बागमती बासीले अध्याँरोमा बस्नु पर्ने अवस्था छैन। हामी यो सफलताको खुशीयाली सम्पूर्ण गाउँपालिका वासी माझ बाँढ्न चाहन्छौं। यस खुसीयाली तथा त्यसको श्रेय सिङ्गो बागमती गाउँपालिकालाई दिन चाहन्छु। निकट भविष्यमा पनि यसरि नै विकासको अर्को फड्को भनेको कृषि उत्पादनमा बृद्धि गर्ने हो। त्यसको लागि यस पालिकाको सम्पूर्ण जनसंख्याको ९५% कृषिमा नै निर्भर रहेको हुँदा अब उपरान्त कृषिमा आधुनिकिकरण, उत्पादनमा जोड दिई सोको पूर्ण व्यवसायिकरण र उत्पादित वस्तु विक्रि वितरण गर्ने बजारीकरणको व्यवस्थापन गरि उत्पादन तर्फ उन्मुख बनाई समुन्नत गाउँ र सिङ्गो पालिकाको समृद्धि दिशा तर्फ अग्रणी मोर्चामा रहि निकट भविष्यमानै प्रतिफल प्राप्त गर्न तर्फ लागि पर्नेछौ।

**“पशु र कृषिमा उत्पादन तत्परता, समृद्ध पालिका विकासको निरन्तरता”** भन्ने मूल नारालाई सार्थकता बनाउन विभिन्न कार्यक्रमहरु बनाई लागु गर्नेछौं ।

बागमती गाउँ बासीको अधिकांश जग्गा ऐलानी रहेको र आफैले भोग चलन गरेको जग्गा आफै भोगाधिकारबाट वन्चित नागरिकहरुलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन बागमती गाउँपालिका विगत ६ वर्ष देखि अहोरात्र खटेको व्यहोरा जानकारी गराउदै यस पालिका अन्तर्गत वडा नं. ३, ४ र ५ मा जग्गा नापजाँच कार्य सम्पन्न भएको छ र अन्य वडाहरु १, २ र ६ मा नापजाँच कार्य सुचारु भईरहेको छ । वडा नं. ४ का तीन दलित परिवारलाई जग्गाधनी प्रमाण पूर्जा वितरण कार्य सम्पन्न भएको छ। साथै वडा नं. ४ का २८ र वडा नं. ५ का २ गरी जम्मा ३० भूमिहीन सुकुम्बासीहरुलाई जग्गा धनि प्रमाण पूर्जा वितरण भईसकेको व्यहोरा जानकारी गराउदै वडा नं. ३ को दलित भूमिहिन सुकुम्बासी १ र भूमिहिन सुकुम्बासी ५ र २ नं. वडाको २०३२ सालको नापी भएको ६ जना सहित जम्मा १२ वटा पूर्जा वितरणको प्रकृया अन्तिम चरणमा पुगेको छ। आगामी २ वर्ष भित्र सम्पूर्ण भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गराई सक्ने हाम्रो प्रतिवद्दता व्यक्त गर्न चाहन्छौं।

अनिवार्य तथा नि-शुल्क शिक्षा कार्यक्रम हालै मात्र घोषणा भएको छ। विकासको मूख्य मेरुदण्ड भनेकै शिक्षा हो। शिक्षा विना कुनै केही परिकल्पना गर्न सकिदैन त्यसैले शिक्षा लाई प्राथगमिकतामा राखेर शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले यस पालिका भित्रका बालबालिकाहरुलाई विद्यालय जान र अभिभावकहरुलाई उनीहरुका छोराछोरीलाई विद्यालय पठाउन प्रेरित गर्न, आकर्षित गर्न सम्बन्धित विषय विज्ञहरुसँग छलफल तथा सल्लाह लिई विभिन्न कसिमका जनचेतनामूलक कार्यक्रमहरु ल्याईनेछ र छात्र वृत्तिको समेत व्यवस्था गरिनेछ । विकासका पूर्वाधारहरुमा विगत वर्षहरुमा भएका कार्यक्रमहरुको अधुरा अपुरा र भए गरेका योजनाहरुको स्तरउन्नति एवम् अति आवश्यकता भएका ठाउँमा प्राथमिकताको क्रममा राखि नयाँ कार्यक्रम ल्याईनेछ।

- स्वच्छ, सफा, हरियाली वन, कञ्चन पानी, सन्तुलित वातावरण भन्ने नारालाई आत्मसात गर्दै लगिनेछ।
- अनुशासित, मर्यादित, भ्रष्टाचारमुक्त एवम् सुशासनलाई आत्मसात गर्दै लगिनेछ।
- गाउँपालिका र सामुदायिक वनको सहकार्यमा वन वन्यजन्तु संरक्षण र सार्वजनिक विकास निर्माण कार्यमा समन्वय र सहकार्य गरिनेछ ।
- पालिकाभरिको युवाहरुका लागि रोजगारको व्यवस्था गर्न वातावरणलाई प्रभाव नपर्ने गरि निश्चित ठाउँमा दातृ संस्था, लगानीकर्ता, कम्पनिहरुलाई उद्योग, कलकारखाना खोल्न स्थापना गर्न प्रोत्साहित गरिनेछ र वैदेशिक रोजगारीबाट फर्कि आएका युवाहरुलाई लगानी गर्न र आफ्नै गाउँठाउँमा रोजगारको वातावरण सिर्जना गर्न प्रोत्साहन गरिनेछ ।

<u>नीति तथा कार्यक्रम</u>

## १. पूर्वाधार विकासः

क. सडक मापदण्ड कायम गर्दै भित्रि सडकहरु न्यूनतम ६ मिटर र मुख्य सडकसँग जोडिएका सडकहरु ८ मिटर, ११ मिटर र मुल सडकहरुमा ३० मिटर सडक मापदण्ड कायम गर्न निरन्तरता दिईने छ ।

ख. आगामी आ.व. २०८०/०८१मा क्रसर उद्योग स्थापना गरी दिगो विकासमा जोड दिइनेछ ।

ग. सडकमा नालीको व्यवस्था तथा ग्राबेल गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

घ. आवश्यक सडकमा डि.पि.आर. तयार गरिनेछ । कालोपत्रे सडक, ढलान सडक क्रमशः कार्यन्वयन गर्दै लगिनेछ ।

ङ. खेतीयोग्य जमिनमा सिंचाईको लागि कुलो, ह्युम पाईप वितरणमा जोड दिइनेछ साथै बोरिङको लिफ्ट सिंचाई क्रमशः व्यवस्था गरिनेछ ।

च. भवन तथा सहरी विकास मापदण्ड आचार संहिता, २०७२ बमोजिम पालिका क्षेत्र भित्र बन्ने घरहरुमा नक्सा पास गरेर मात्र घर बनाउन स्वीकृति दिइने विषयमा निरन्तर कायम राखेछ ।

छ. **श्रमदान गरौं पसिना बगाऔं आफ्नो ठाउँ आफै बनाऔं। जसले गर्छ श्रम उसैलाई गर्छौं सम्मान** भन्ने मूल नाराका साथ श्रमलाई जोड दिने नीति अवलम्बन गरिनेछ।

ज. झुरझुरे—राईगाउँ—क्यान्टिन सडक निर्माण प्रक्रियालाई निरन्तरता दिईने छ। साथै पक्कि पूलहरु निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

झ. बागमती करिडोर निर्माणमा आवश्यक पहल कदमी चालिनेछ ।

ञ. यस गाउँपालिका वडा नं. ५, ४, १ र २ मा रहेको हजारौ विगाह खेतीयोग्य जमिनमा सिँचाईको लागि नहर निर्माणको पहल गरिनेछ ।

ट. मुख्य सडकहरुमा सडक वत्ती जडान गरिनेछ। विद्युत चुहावट मुक्त पालिका बनाउने नीति अवलम्बन गरिनेछ। साथै उज्यालो बागमती गाउँपालिका घोषणा गर्ने नीतिमा जोड दिईनेछ।

ठ. मुख्य सडक एवम् शाखा मोटरबाटोहरुको दायाँ बायाँ वृक्षारोपन गर्ने कार्यक्रम ल्याईनेछ।

ड. विद्युत भोल्टेज सुधारमा थप प्रभावकारी बनाईनेछ।

ढ. हेभी ईक्युपमेन्ट संचालन तथा व्यवस्थापनमा सुधार ल्याईनेछ।

ण. जनमुक्ति मार्ग (झुरझुरे ज्यामिरे हुदै भोर्लेनी सिक्रे दोभान) सम्म कालोपत्रे बनाईनेछ।

त. पालिका भित्रका सडक स्तरउन्नति तथा कृषि सडकहरु निर्माणमा जोड दिईनेछ।

थ. फापरबारी वेतिनि सडकलाई कालोपत्रे गर्नको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

द. शहिद मार्ग गुर्दुम गढन कुटीभकारी देउजर गढन शिर हुदै रामचुहा डोटे जोड्ने कृषि सडक निर्माणमा निरन्तरता दिईनेछ।

ध. संघीय सरकार तथा प्रदेश सरकारबाट निर्माण भई रहेको निर्माणाधिन क्यान्टिन-राईगाउँ फापरबारी-वेतिनि हुदै बगुवा सम्मको सडक निर्माण प्रकृया उच्च प्रभावकारी बनाउन अनुगमनमा जोड दिईनेछ।

न. समयमा कार्य सम्पन्न नगरेका ठेकेदार वा कम्पनिलाई कालोसूचीमा राखि कारबाहीको प्रकृयालाई अगाडी बढाईनेछ।

प. निर्माण संरचनाको नक्साङ्कन प्राविधिक लागत स्टमेट स्पष्ट रुपमा उपभोक्ता समितिले बुझ्नेगरि उपलब्ध गराउने व्यवस्था गरिनेछ।

फ. प्रदेश सरकार संघीय सरकारबाट विनियोजित बजेटको तथ्याङ्क लिई सोको स्टमेट अनुसारको प्रचलित कानून बमोजिम करको दायरामा ल्याई कडाईका साथ लागु गरिनेछ।

ब. आर्थिक वर्ष २०८०/८१ मा ७५ (पचहत्तर) कि.मि. बाटो ग्राभेल गर्ने लक्ष्य राखिएको छ।

भ. भूमिगत सिँचाई लिफ्ट सिँचाई र नहर निर्माणको लागि प्रदेश सरकार संघीय सरकार बाट बजेट माग गर्ने सम्बन्धमा पहल गरिनेछ।

म. साना सिँचाई निर्माण तथा मर्मत, साना खानेपानी तथा मर्मत र सडक मर्मत तथा संभार सम्बन्धी आयोजनाहरु लागत साझेदारीमा गरिने नीति अवलम्बन गरिनेछ।

य. पालिका भित्रका योजनाहरु सम्पन्न गर्न दर्ता भएका आधिकारिक उपभोक्ता समिति मार्फत अकार्यसम्पन्न गरिने नीति अवलम्बन गरिनेछ ।

## २. प्राकृतिक श्रोत संरक्षण तथा विपद व्यवस्थापन

क. वनजंगल संरक्षण, ग्याविन जाली तथा वृक्षारोपणलाई प्रभावकारी बनाइनेछ ।

ख. ठूला पूर्वाधारहरु निर्माण पूर्व IEE गरिने छ ।

ग. विपद व्यवस्थापनको लागि RRT (Rapid Response Team) तयार गरि परिचालन गरिनेछ ।

घ. विपद व्यवस्थापन कोष स्थापना गरी विपदको समयमा उक्त कोष परिचालन गरिने छ ।

ङ. जल प्रकोप नियन्त्रण गर्न मेस, जाली स्पड आदि बनाउन प्रयत्न गरिने छ ।

च. विकासलाई वातावरण संग जोड्दै एक अर्काको परिपुरकको रुपमा लिईने छ ।

छ. फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईट बनाउने जग्गाको खोजि गरी पूर्वाधार निर्माण तर्फ जोड दिईने छ । प्रभाव मूल्यांकन गर्न EIA मा जोड दिईने छ ।

ज. जडिबुटी पहिचान तथा संरक्षणमा जोड दिईने छ ।

झ. विपदमा सरकारी गैरसरकारी निजि क्षेत्रसँग समन्वय तथा सहकार्य गरी विपद व्यवस्थापन र जोखिम न्यूनीकरण गरिने छ ।

ञ. खहरे तथा नदिले कटान गरेको स्थान भुक्षय हुने सम्भावित ठाउँहरुलाई पहिचान गरि गाउँपालिका अन्तरगत अनुगमन तथा तथ्याङ्क संकलन गरि बागमती नदिले कटान डुबान गर्दै आएको स्थानलाई विशेष प्राथमिकता दिई प्रदेश तथा संघीय सरकार समक्ष नियन्त्रणका लागि विशेष पहल गरिनेछ।

ट. जलाधार तथा जैविक विविधतालाई जोगाई वातावरण संन्तुलन राख्न विशेष कार्यक्रमहरु ल्याईनेछ।

ठ. चट्याङ जोखिमयुक्त स्थानहरु पहिचान गरि अर्थिङ व्यवस्थापन गर्न नीति अवलम्बन गर्नेछ।

**३. संस्थागत विकास तथा सेवा प्रभाहः**

क. गाउँपालिकाको पूर्वाधार विकास आफ्नै हेभि ईक्युपमेन्ट प्रयोग गर्दै श्रोत साधनमा आत्मनिर्भर हुँदै जाने नीति लाई निरन्तरता दिइनेछ । थप आवश्यक अनुसार हेभि ईक्युपमेन्ट खरिद गरिने छ ।

ख. समग्र मानवीय विकासको अवधारणलाई आत्मसात गरिने छ ।

ग. गा.पा. को संस्थागत क्षमता विकास गर्न श्रोत साधनले सम्पन्न प्रविधि मैत्री सूचना मैत्री अवधारणा लागु गरिने छ ।

घ. Help Desk को स्थापना गरी सेवा प्रवाहमा सरलीकृत गरिने छ ।

ङ. सेवा प्रभाहमा विद्युतीय सूचना प्रणली अवलम्बन गर्दै Software मार्फत data को भण्डारण, तथ्यांक संकलन, विश्लेषण जस्ता कार्य गरिने छ ।

च. आम्दानी खर्चलाई पारदर्शी बनाई राजश्व दायरा फराकिलो पार्दै राजश्व चुहावट न्यूनीकरणमा प्रयत्न गरिनेछ ।

छ. लेखा प्रणलीलाई व्यवस्थित बनाई बेरुजु फछ्र्यौटलाई तदारुकता साथ अगाडी बढाईने छ ।

ज. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत जनता सुसुचित हुने अधिकारमा जोड दिईनेछ ।

झ. संचार सेवालाई चुस्त दुरुस्त गरिने छ । संचार प्रविधिमा जोड दिईने छ ।

ञ. बागमती गाउँपालिका क्षेत्रभित्र ऐलानी जग्गामा हक भोग गरी बनाईएका घर टहराहरुमा वहाल विटौरी कर लगाईने छ । व्यक्तिले भोग चलन गरेको ऐलानी जग्गाको नाप नक्सा गरी लगत संकलन गरी लाल पूर्जा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

ट. भुक्तानीमा E-Payment सेवा क्रमशः लागू गरिनेछ । चेकबाट भुक्तानी हुने प्रक्रिया क्रमशः कम गर्दै लगिनेछ ।

ठ. सुविधा सम्पन्न गाउँपालिकाको प्रशासकीय भवन निर्माणमा प्राथमिकता दिइनेछ ।

ड. ई-हाजिरीको व्यवस्था गरी क्रमशः गाउँपालिका हुँदै वडा तहसम्म पुऱ्याइने छ ।

**४. सहकारी**

क. सहकारीताको सचेतना अभिवृद्धि, तथ्यांक व्यवस्थापन, सहकारी दर्ता, नवीकरण र खारेजी गरीने छ । सहकारीको संरक्षण र प्रवर्द्धन गरिने छ । साथै सहकारी संस्थाको क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

ख. श्रम सहकारीको लागि आवश्यक ऐन, कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**५. शान्ति सुरक्षाः**

क. गाउँपालिकाको सुरक्षा तथा गाउँपालिका क्षेत्रभित्र सुशासन कायम राख्न नगर प्रहरी मार्फत थप प्रभावकारी बनाईनेछ।

ख. अनाधिकृत निर्माण सार्वजनिक सम्पत्ति अतिक्रमणको रोकथाम र नियन्त्रण गर्न गराउन विशेष पहल गरिनेछ।

**६. स्थानीय सेवा शुल्कः**

क. ढुंगा गिट्टि वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम राजश्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गर्न निरन्तरता दिईने छ ।

**७. जनशक्ति विकास र व्यवस्थापनः**

क. जनशक्तिको क्षमता अभिवृद्धि र कार्य सम्पादन छिटो छरितो बनाउन वृद्धि विकासका अवसरमा जोड दिईने छ ।

ख. समायोजन भई आएका जनशक्ति व्यवस्थापन र उपभोगमा जोड दिईने छ ।

ग. जनशक्तिलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

घ. करारका कर्मचारीहरुको काम सन्तोषजनक भएमा करार नवीकरण गर्ने र काम सन्तोषजनक नदेखिएमा करारको म्याद थप नगर्ने नीति अवलम्बन गरिनेछ ।

ङ. गाउँपालिकाले करार सेवामा भर्ना गरेका कर्मचारीहरुको पारिश्रमिकमा तहगत रुपमा समानता ल्याईनेछ ।

**८. तथ्यांक संलकनः**

क. व्यक्तिगत घटना दर्तालाई सरल बनाई गरिव तथा श्रमिकको घर परिवार पहिचान र बेरोजगारी नागरिकको तथ्यांक संकलन गरिने छ ।

**९. आयोजना तथा परियोजनाः**

क. विकास आयोजना प्रभावकारी अनुगमन, मूल्यांकन गरी सम्पन्न आयोजनाको स्थानीय उपभोक्तालाई संरक्षण र संवर्द्धन एवं उपभोगको लागि हस्तान्तरण गरिने छ ।

ख. विकास आयोजनाहरुको समय मै नापजाँच कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिक कर्मचारीहरुलाई परिचालन गरिने छ ।

ग. वडा वडामा रहने गरी प्राविधिक र अन्य सेवाको कर्मचारीहरु क्रमशः खटाउने व्यवस्था गरिने छ ।

घ. प्रचलित कानून बमोजिम सहरी विकास भवन निर्माण नीति कानून मापदण्ड लागु गरिने छ ।

ङ. राष्ट्रिय भवन आचार संहिता बमोजिम भवन निर्माणको लागि नक्सा पासको अनुमति, अनुगमनमा जोड दिईने छ ।

च. सार्वजनिक निर्माणको लागि “घ” बर्गको निर्माण इजाजत पत्र जारीमा निरन्तरता दिईने छ ।

छ. विकास आयोजनालाई वातावरणसंग जोडेर विकास कार्य अगाडी बढाईने छ ।

## १०. शिक्षा :

क. शिक्षा र स्वास्थ्यमा हामी सबैको ध्यान निःशुल्क शिक्षा र स्वस्थ जीवन हाम्रो अभियान भन्ने मूल नाराका साथ शिक्षा र स्वास्थ्य क्षेत्रमा जोड दिईनेछ।

क. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा गुणस्तरीय, प्राविधिक एवं व्यावसायिक शिक्षामा जोड दिईनेछ ।

ख. विद्यालयको दरबन्दी मिलान तथा पुन वितरणको कार्य आवश्यकता अनुसार प्रत्येक वर्ष गरिनेछ।

ग. सामुदायिक विद्यालयको अनुमती, संचालन तथा नियमन कार्यलाई निरन्तरता दिईने छ ।साथै आवश्यकताको पहिचान गरि ECD शिक्षकहरु थप गरिने नीति अवलम्बन गरिनेछ।

घ. विद्यालयको गुणस्तर वृद्धिमा पहल गरिने छ।

ङ. शहिदका छोराछोरीहरुलाई स्नातक तहसम्म अध्यनका लागि छात्रवृत्ति दिईनेछ साथै प्राविधिक विषयहरु समेत स्व-ईच्छा अनुसार अध्ययन गर्न अधिकतम ३ जनालाई छनौट गरि छात्रवृत्ती दिईनेछ।

च. अनिवार्य तथा निशुल्क शिक्षालाई निरन्तरता दिई त्यस तर्फ जोड दिईनेछ।

छ. शैक्षिक अनुगमनलाई प्रभावकारी बनाईने छ ।

झ. प्रचलित कानून बमोजिम शिक्षा क्षेत्रमा प्राप्त अधिकारको प्रयोगमा जोड दिईने छ ।

ञ. शैक्षिक विकासको लागि अनुदानमा नियुक्त गरिएका शिक्षकहरुको नियुक्ति थप निरन्तरता, शैक्षिक पूर्वाधारको विकास, वैकल्पिक सिकाई, वैकल्पिक सिकाई केन्द्रको विकास, शिक्षामा खेलकुद आदि जस्ता क्रियाकलापहरुको प्राथमिकतामा राखि निरन्तरता दिईने छ ।

ट. एम.बि.बि.एस, भेटनरी डाक्टर लगायतका विषय अध्ययन गर्न छात्रवृत्तीको व्यवस्था गरिने छ ।

ठ. शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम एवम् कार्यक्रमहरु संचालन गरिनेछ।

ड. विद्यालयहरुको आर्थिक तथा प्रशासनिक गतिविधिहरुलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन सामाजिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाईनेछ।

ढ. पालिकाभित्रको सम्पूर्ण विद्यालयहरुमा खपत हुने विद्युत महशुलमा ५० % अनुदान पालिकले दिने व्यवस्था मिलाईनेछ।

ण. सम्पूर्ण विद्यालयहरुमा ईसिडी देखिनै अंग्रेजी माध्यमबाट पठनपाठनमा जोड दिईनेछ साथै मातृभाषालाई प्राथमिकतामा राखिनेछ।

त. जनप्रतिनिधि, व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय सरकारी सेवा लिएका कर्मचारीहरुको छोराछोरी सामुदायिक विद्यालयमानै अनिवार्य भर्ना गर्नुपर्ने तथा नगरेको पाईएमा शैक्षिक करको रुपमा प्राप्त सेवा सुविधाबाट २% तिर्नुपर्ने नीति लिईनेछ।

थ. वर्षभरिमा उत्कृष्ठ नतिजा ल्याउने विद्यालय, विद्यार्थी, शिक्षकलाई मापदण्डको आधारमा प्रोत्सहन गर्न पुरस्कृत गरिनेछ।

द. सामुदायिक विद्यालयबाट एस ई ई मा **A** ग्रेड देखि माथि नतिजा ल्याउने विद्यार्थीलाई छात्रवृत्ती दिईनेछ।

ध. हरेक हप्ताको शुक्रबार अनिवार्य रुपमा विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलापहरुमा सहभागि गराई विद्यार्थीहरुको क्षमता विकासमा जोड दिईनेछ।

न. विद्यालयहरुमा वैज्ञानिक शिक्षा प्रणाली तर्फ उन्मुख हुने कार्यक्रमहरु ल्याईनेछ।

प. ५ वटा सामुदायिक विद्यालयहरु छनौट गरि ई हाजिरी र सिसिटिभि जडान गर्न बजेट व्यवस्थापन गरिनेछ।

फ. प्रत्येक बर्ष गाउँपालिका क्षेत्रभित्रबाट कम्तिमा एक विद्यालय छनौट गरि नमूना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ।

ब. विद्यालय नक्साङ्कन गरि दरबन्दी मिलान तथा पुनर्वितरण को कार्यलाई प्राथमिकतामा राखि समय अनुकुल नियमित रुपमा गरिनेछ।

## ११. स्वास्थ्य तथा सरसफाईः

क. ल्याव सहितको सेवा प्रबाह गरिने छ ।

ख. कोभिड नियन्त्रण गर्न सम्पूण संयन्त्र प्ररिचालन गरिने छ ।

ग. आधारभूत स्वास्थ्य सेवालाई निशुल्क, सर्वसुलभ र गुनस्तरिय बनाउन सामुदायिक सहकारी निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुको नियमनलाई प्रभावकारी बनाईनेछ।

घ. बागमती गाउँपालिकाका विषयगत नीतिहरुलाई स्वास्थ्यमैत्री बनाउनका लागि सबै नीतिमा स्वास्थ्य (Health in All Policy) भन्ने अवधारणा लागु गरिनेछ।

ङ. सुरक्षित मातृ शिशु स्वास्थ्य किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य लगायतका सेवालाई संघ तथा प्रदेश मातहतका कार्यालयसंग सहकार्य गरिनेछ।

च. स्वास्थ्य आपलकालिन महामारी तथा किटजन्य रोगहरुको रोकथाम नियन्त्रण गर्न पूर्व तयारी र व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

छ. क्षयरोग मुक्त पालिका अभियानलाई जोड दिईनेछ।

ज. समुदाय, वडा, पालिकालाई पोषण मैत्री बनाईनेछ।

झ. बर्थिङ सेन्टरहरुलाई सुधारमा जोड दिईनेछ।

ञ. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

ट. गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामानै सुत्केरी गराउन प्रोत्साहित गरिनेछ। त्यसका लागि निशुल्क एम्बुलेन्स सेवाको समेत व्यवस्था गरिनेछ।

ठ. दीर्घ रोगीहरुलाई संघीय सरकारबाट दिईने सेवाहरुलाई समयमानै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

ड. घुम्ती स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिनईनेछ।

ढ. लागु औषध दुर्व्यशनी न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु पालिकाभरिनै संचालन गरिनेछ।

ण. महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रमलाई सुदृढिकरणमा जोड दिईनेछ।

त. पालिका अन्तरगत विपदमा परेका, जनयुद्ध तथा जनआन्दोलनका घाईतेहरुको निशुल्क उपचारका लागि पहल गरिनेछ।

थ. नियमित खोप कार्यक्रमलाई प्रवर्द्धन गर्दै नियमित खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

द. विज्ञ चिकित्सक तथा ल्याब सेवाबाट निशुल्क स्वास्थ्य उपचार गर्न जोड दिईनेछ।

ध. गुणस्तरीय औषधी आपूर्ति गर्नको लागि विशेष जोड दिनईनेछ।

न. स्वास्थ्य संस्थाहरुमा खानेपानी, कार्यालय घेराबार, विरामी बस्ने प्रतिक्षालय र फोहोर व्यवस्थापन गर्ने आयोजना लागत साझेदारीमा गरिन्छ।

प. यस गाउँपालिका भित्रका विपन्न अवस्थाका विरामीहरुको उपचारको क्रममा आवश्यक पर्ने रगतको लागि नेपाल रेडक्रस सोसाईटी मार्फत निशुल्क उपलब्ध गराउँदै आएको सेवालाई निरन्तरता दिइनेछ ।

**१२. स्थानीय बजारको अनुगमन :**

क. स्थानीय बजारहरुको मूल्य नियन्त्रण, बजारको प्रभावकारी अनुगमन गरिने छ । अखाद्य वस्तु, म्याद नाघेका बस्तु बेचविखन गरिएको पाईएमा कानून बमोजिम कारवाही गरिने छ ।

ख. स्थानीय हाट बजारको व्यवस्थापन गरिने छ ।

ग. स्थानीय स्तरमा उत्पादन भएका तरकारी फलफूल एवं कृषि उत्पादनको बजार व्यवस्थापन गरिनेछ ।

**१३. न्यायिक समिति सम्बन्धिः**

क. न्यायिक समितिलाई अझ बढी प्रभावकारी बनाईने छ । प्राप्त अधिकार अनुसार न्याय सम्पादन छिटो छरितो गरी न्यायिक अधिकारलाई सुनिश्चिता गरिने छ ।

ख. गाउँपालिकाबाट प्रदान गरिने न्याय सेवालाई प्रभावकारी बनाउन प्रत्येक वडामा मेल मिलाप केन्द्र स्थापना गरि मेलमिलापकर्ताहरुलाई सक्रिय बनाउन जोड गरिने छ ।

ग. न्यायिक समितिलाई प्रभावकारी बनाउन तालिम तथा क्षमता अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिने छ ।

**१४. अभिलेख व्यवस्थापनः**

क. गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा क्रमशः प्रविधि मैत्री अभिलेख व्यवस्थापन गरिने छ ।

ख. अभिलेखीकरण सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

**१५. कृषि र पशु :**

क. **"विकास र समृद्धि बामगमतीको सान कृषिमा आत्म निर्भर हाम्रो पहिचान"**

ख. कृषि तथा पशु पालन क्षेत्रलाई उच्च प्राथमिकता दिई कृषि तथा पशु पालन व्यवसायको आधुनिकिकरण, यान्त्रिकरण र बजारीकरणमा जोड दिईनेछ।

ग. समुदायमा स्वरोजगारको सृजना गर्न **एक वडा एक उत्पादनको** नीति लिईनेछ।

घ. विषादी रहित प्राङ्गारिक खेती तथा व्यवसायिक पशुपालनलाई प्रोत्सहन दिदै पशु तथा वाली विमाको प्रिमियममा ५०% अनुदान दिने व्यवस्थाको नीति लिईनेछ।

ङ. झुरझुरे, माझगाउँ र फापरबारीमा तरकारी संकलन केन्द्र स्थापना गर्दै आवश्यकताको आधारमा अन्य स्थानहरुमा पनि सेवा प्रवाह गर्ने नीति लिईनेछ।

च. रैथाने वाली कोदो, फापर, मास, मस्याङ, बोडी, मकै, भटमास, सिमि आदि वालीहरुको उत्पादन र बजारीकरणमा जोड दिईनेछ।

छ. कृषकहरुलाई प्राविधिक सेवा छिटो प्रवाह गर्नका लागि देहायका तीन वटा स्थानहरुमा कृषि र पशु सेवा केन्द्र विस्तार गरिनेछ।

१. माझगाउँ कृषि पशु सेवा केन्द्र (वडा नं. १, २ र ३)

२. फापरबारी कृषि पशु सेवा केन्द्र (वडा नं. ६, ८ र ९)

३. झुरझुरे कृषि पशु सेवा केन्द्र (वडा नं. ४, ५ र ७)

ज. स्वदेशमै स्वरोजगारको सृजना गर्न युवा लक्षित कार्यक्रमहरुलाई जोड दिदै नमुना कृषि तथा पशु फारमहरुको विकास गरिनेछ।

झ. बागमती गाउँपालिका भित्र सामुहिक विउ विकास कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।

ञ. घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।

ट. प्रत्येक वडामा दुग्ध उत्पदक सहकारी मार्फत संचालन हुने गरि दुग्ध चिस्यान केन्द्रको स्थापना गरिनेछ।

ठ. किसान सूचीकरणको कार्यलाई निरन्तरता दिई २ वर्ष भित्र किसान परिचय पत्र दिईनेछ।

ड. गोठ तथा नश्ल सुधारका कार्यक्रमहरु लाई प्राथमिकतामा राखिनेछ।

ढ. कृषि तथा पशुपंक्षि सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ।

ण. दुग्ध उत्पादक सहकारीहरुमा गाई भैंसी खरिद गर्न विउ पूँजी परिचालन गर्ने नीति लिईनेछ।

त. निशुल्क पशु स्वास्थ सिविर कार्यक्रम संचालन गरिनेछ।

थ. कृषि तथा पशुपालन पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गर्नको लागि उत्कृष्ठ किसान छनौट गरि किसान सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रमहरुको थालनी यसै आ.ब बाट गरिनेछ।

द. कृषि तथा पशुपालनको क्षेत्रमा कुनैपनि महामारी फैलिएमा तत्काल पालिकास्तरबाट उक्त महामारी र प्रकोप नियन्त्रणमा आवश्यक कदम उठाईनेछ।

ध. व्यवसायिक रुपमा कृषि पेशालाई निरन्तरता दिन गाउँपालिका भित्र कृषि समूह वा सहकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ।

न. पशुपालनलाई आयश्रोतको माध्यम बनाउदै कृषकहरुले आफ्नो उत्पादनलाई दुग्ध उत्पादक सहकारी मार्फत विक्रि वितरण गरेमा दुध बेच्ने कृषकलाई प्रति लिटर ३ रुपैयाको दरले दिदै आइरहेको अनुदानलाई निरन्तरता दिईनेछ।

प. एक घर एक करेसाबारी निर्माणको नीति लिईनेछ।

फ. एक सेवा केन्द्र एक फलफुल बगैंचा र एक नर्सरी निर्माण गरि लागु गर्ने नीति लिईनेछ।

ब. मासु र दुधमा आत्मनिर्भर पालिका बनाउन जोड दिईनेछ।

म. कृषि पेशामा आवद्ध कृषकहरुलाई एक घर एक दुहुना अनिवार्य हुनुपर्ने नीति लिईनेछ।

य. आर्थिक वर्ष २०८३/८४ साल सम्ममा यस गाउँपालिका भित्र दैनिक ५० हजार लिटर दुध उत्पादन गर्ने लक्ष्य राखिएको छ।

र. साना सिँचाई आयोजनालाई प्राथमिकता दिईनेछ।

ल. माटो सुहाउँदो वालीहरु लगाउन कृषकलाई प्रोत्साहित गरिने कार्यक्रमहरु ल्याईनेछ।

व. गाउँपालिकाले संघीय सरकार तथा वन एवम् राष्ट्रिय निकुञ्ज बाट कानून बमोजिम स्वीकृत लिई रोयल्टी बुझाई जंगली बँदेलको पाठापाठी ल्याई कृषकहरुलाई वितरण गरिनेछ।

श. कृषि तथा पशु उपज संकलन केन्द्र निर्माण गर्ने आयोजना लागत साझेदारीमा गरिनेछ।

ष. बाँझो जग्गा विहिन गाउँपालिका, हराभरा गाउँपालिकाको निर्माण गर्न बाँझो राख्ने प्रवृत्ती निरुत्साहित गरि बाँझो जग्गामा घाँस खेती तथा जग्गाको छेउ किनारामा अनिवार्य बाँस रोप्नु पर्ने नीति लिईनेछ।

स. उत्पादनमा आधारित अनुदानको लागि गोलभेडा र आलुमा ५० पैसा, खुर्सानी, प्याज, लसुनमा १ रुपैया, सुन्ताला कागमती जुनार र कफीमा रु ३ रुपैया प्रतिकेजीका दरले अनुदान रकम दिईनेछ।

ह. पशु हाट बजार निर्माण गरि संचालन गरिनेछ।

## १६. रोजगार प्रबर्द्धनः

क. स्वदेशी तथा बैदेशिक श्रमिकको तथ्यांक संकलन गरिने छ ।

ख. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरताका साथै थप प्रभावकरी बनाइने छ ।

ग. श्रमिकको आत्मसम्मान हुने गरी पारिश्रमिक व्यवस्था गर्न जोड दिइनेछ ।

**१७. भाषा संस्कृतिको विकासः**

क. सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनको लागि मठ मन्दिर, गुम्बा, चर्चको निर्माण, संरक्षण तथा संर्वद्धन गरिने छ ।

ख. विभिन्न जातजातिको भाषा र संस्कृतिको संरक्षण र संर्वद्धन गरिने छ ।

ग. कला केन्द्रको स्थापना गरी स्थानीय कला संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ।

घ. पालिकाभित्राका सम्पूर्ण जातजातिका कला संस्कृति तथा चाडपर्वहरुलाई समान रुपमा संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

**१८. खेलकुदः**

क. खेलकुदको विकास र प्रवर्द्धनको लागि खेलकुद प्रशिक्षक नियुक्ति गरी निरन्तर खेलकुद अभ्यास गराईने छ ।

ख. बागमती गोल्ड कपलाई निरन्तरता दिईने छ।

ग. खेलकुद पूर्वाधारहरुको स्तरउन्नति गरिदै लगिनेछ।

घ. खेलकुद सामग्री वितरण गरिने छ।

ङ. राष्ट्रियस्तरको रंगाशाला र कभर्ड हल निर्माणमा जोड दिईनेछ।

च. खेल क्षेत्रलाई एकेडेमिक रुपमा विकास गरि खेलाडी उत्पादनमा जोड दिईनेछ।

छ. खेलकुदको माध्यमबाट अनुशासित सक्षम जनशक्ति तयार गरि राष्ट्र निर्माणमा टेवा पुऱ्याउने नीति लिईनेछ।

ज. विभिन्न राष्ट्रिय प्रतियोगिताहरुबाट सफलता हाँसिल गरि खेल जगतमा राष्ट्र र नेपालीको गौरब बढाउने तर्फ जोड दिन प्रोत्सहित गरिनेछ।

झ. प्रत्येक टोल टोलमा खेलमैदान निर्माण तथा स्तरउन्नतिमा निरन्तरता दिईनेछ।

ञ. खेलकुदमा युवाहरुको लागि आकर्षक कार्यक्रम ल्याईनेछ।

ट. खेलकुदलाई बागमती गाउँपालिकाको पहिचान, गौरब र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्दै लगिनेछ।

## १९. विद्युत तथा बैकल्पिक उर्जा :

क. यस गाउँपालिका भरी विद्युत लाइन विस्तार कार्य सम्पन्न भएकोले उज्यालो बागमतीको नारा पुरा भएकोले आगामि दिनहरुमा विद्युत व्यवस्थापनमा जोड दिइनेछ ।

ख. गोबर ग्यास प्लान्ट निर्माणमा प्रोत्साहन दिईने छ ।

ग. यस गाउँपालिका वडा नं. १, हात्तीढुङ्गामा निर्माणाधिन अवस्थामा रहेको विद्युत सव-स्टेशनको आगामी आ.व. भित्रै निर्माण सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

घ. विद्युत चहावट मुक्त गाउँपालिका घोषणा गर्ने नीति अवलम्वन गरिनेछ ।

## २०. सामाजिक सुरक्षा गरिवी निवारण तथा सामाजिक समावेशीकरण :

क. १० वर्षे एतिहासिक महान जनयुद्ध र १९ दिने २०६२/६३ को जनआन्दोलन र बेलावेलामा भएका निरकुंशता विरोधी आन्दोलनमा शहादत प्राप्त गर्ने ति महान योद्धा सहिदहरुलाई गा.पा. को हरेक कार्यक्रमम स्मरण गरिनेछ ।

ख. लैंगिक असमानताको ख्याल गर्दै लैंगिक समावेशीकरण, सामाजिक समावेशीकरणलाई जोड दिईनेछ। महिला मैत्री वातावरण महिला स—शक्तिकारण, लैंगिक समानतामा आधारित कार्यक्रमहरु संचालन गरिनेछ ।

ख. अपाङ्ग परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईने छ । ज्येष्ठ नागरिकहरुको सम्मान कार्यक्रम संचालन गरिने छ ।

ग. ज्येष्ठ र अपाङ्ग नागरिकहरुको तथ्यांक संकलन गरिने छ ।

घ. लक्षित बर्गको योजना कार्यक्रम संचालन गरिने छ ।

ङ. गरिब घर परिवार पहिचान गरी उपयुक्त कार्यक्रम संचालन गरिने छ ।

च. वाल मैत्री गाउँपालिका बनाउन आवश्यक कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिइनेछ।

छ. महिला सशक्तिकरणका आवश्यक कार्यक्रम संचालन गरिने छ ।

ज. ज्योष्ठ नागरिक परिचय पत्र वितरण कार्य निरन्तरता दिइनेछ ।

झ. सामाजिक सुरक्षा भत्ता बैङ्क संगको सहकार्यमा प्रत्यक वडा कार्यालयबाट समयमै वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

ञ. पूर्व जनमुक्ति सेना, अपाङ्ग, घाईते, बेपत्ता परिवारलाई आत्मनिर्भर बनाउन सिपमूलक तालिमाको व्यवस्था गरिनेछ।

ट. बाल विवाह रोकथामका लागि प्रभावकारी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

**२१. व्यक्तिगत घटनाः**

क. प्रत्येक वडामा व्यक्तिगत घटना दर्तालाई अनलाईन गरिसकेकोमा यसलाई थप प्रभावकारी वनाइनेछ।

**२२. संचारः**

क. हरेक नागरिकहरुलाई संचार सुविधाको लागि इन्टरनेटमा पहुँच पुर्याउन सम्बन्धित निकायहरुसँग पहल गरिने छ ।

ख. विकासका गतिविधिमा जनताको पहुँचमा वृद्धि गरी बागमती गाउँपालिकाका जनतासंग अध्यक्ष कार्यक्रम संचालन गरिने छ ।

ग. रेडियो झुरझुरेलाई प्रभावकारी रुपमा संचालनको लागि जोड दिईनेछ।

घ. संघीय तथा प्रदेश कानूनको आधारमा इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल र तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नियमन तथा नविकरण गरिनेछ ।

**२३. घरेलु तथा साना उद्योग प्रवर्द्धनः**

क. घरेलु तथा साना उद्योग प्रवद्र्धन गर्न जोड दिईनेछ साथै उद्यमशीलयुक्त नागरिक उत्पादन गर्न प्रयत्न गरिने छ ।

ख. रु. पाँच लाख सम्मको साना तथा घरेलु उद्योगको दर्ता, नवीकरण, नियमन, खारेजी आदि पालिकाबाटै गरिनेछ ।

**२४. पर्यटन र वित्तिय क्षेत्रः**

क. पर्यटकीय क्षेत्रको विकासको लागि शहिद स्मारक पार्कको पूर्वाधार निर्माण, पर्यटकीय पूर्वाधार निर्माणमा प्रथामिकता दिईने छ ।

ख. सहकारी संस्थाको विकास र प्रवद्र्धनको लागि सहकारीताको उदेश्यको लागि चेतनाको अभिवृद्धिमा जोड दिईने छ ।

ग. वित्तिय क्षेत्रको विकासको लागि छरिएर रहेको पुँजी संकलन, ऋण प्रवाह आदिमा बैंक, वित्तिय संस्था तथा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

घ. रमणीय पार्कहरु निर्माण गरिनेछ ।

ङ. गोल्मे दरबार, वेतिनि अमलेचौर पिकनिक स्पोट, झुरझुरे शहिद स्मारक, हात्तीढुङ्गा नोहा पार्क लाई विशेष प्राथमिकतामा राखि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

**२५. स्वच्छ खानेपानीः**

क. स्वच्छ तथा सफा खानेपानी नागरिकलाई उपलब्ध गराउन टयुबवेल, धारा, कुवा, इनार तथा लिफटिङ खानेपानी जोड दिने कार्यलाई निरन्तरता दिईने छ ।

ख. खानेपानीको मुहान संरक्षण तथा सरसफाईमा जोड दिईनेछ ।

ग. वडा नं. ९ गुन्द्रुक खोलाको स्वच्छ पानी फार्सा, भोर्लेनी, बगेरी, ज्यामिरे, झुरझुरे, राईगाउँ, टाँडी सम्म ल्याउन प्रदेश सरकार संघिय सरकार, विदेशी संघसंस्था तथा दातृ निकायहरुसंग समन्वय गरि कार्यन्वयनमा जोड दिने लक्ष्य राखिने नीति लिईएको छ।

घ. एक घर एक धाराको नीतिलाई निरन्तरता दिईनेछ।

ङ. सार्वजनिक शौचालयको व्यवस्था तथा फोहोरमैलाको व्यवस्थापन गर्ने नीति लिईनेछ।

**२६. खर तथा फुसको छानाः**

क. पालिका भरि खरको छाना विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिनुका साथै सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

धन्यवाद !

.....................

सर्केश घलान
अध्यक्ष
बागमती गाउँपालिका
झुरझुरे, मकवानपुर